चौतारी स्थापना व्याख्यान, सन् २०१७

# भुइँतहबाट परिदृश्यसम्म : नेपालको महिला आन्दोलनको गति र दिशा

नेपालमा महिला आन्दोलन लोकतान्त्रीकरणका विभिन्न अभ्यासले झाँगिदै गएको छ । वितेका २७ वर्षदेखि देशका विभिन्न जातजाति, वर्ग, धर्म, भाषाका १० हजारभन्दा बढी महिलाहरूसँगको निरन्तरको छलफल, आन्दोलन र सहकार्यका क्रममा मलाई राजनीतिक प्रतिबद्धताले ल्याउने सामाजिक परिवर्तनबाट नै महिला अधिकार सुनिश्चित हुन्छ भन्ने महसुस भएको छ । समुदायमा कार्यरत महिलाहरूको पहिचान, राजनीतिक आन्दोलनमा आफ्नो मुद्दा सहितको तिनीहरूको सम्मानपूर्ण सहभागिता, तिनका अनुभवको अभिलेखीकरण र निचोड बनेका तथ्य आत्मसात् गर्ने नीतिगत सुधारबाट यस्ता परिवर्तन आउने हो । तर विदेशी ऋण र सहयोगमा आधारित विकास, विवेकहीन बजारउन्मुख अर्थ-व्यवस्था, आयातित सिद्धान्त र प्रक्रियाले प्राथमिकता पाउने, बलियो पितृसत्तात्मक परिवेश भएको हाम्रो देशमा महिलाका अनुभवलाई केन्द्रमा राखी सामाजिक परिवर्तनका प्रयास गर्नु सजिलो छैन । यिनै असहज परिस्थितिमा पनि टोल र वडा तहदेखि महिलाहरूले आफ्नो व्यक्तिगत जीवनलाई दाउमा राखेर निरन्तर आन्दोलन (संघर्ष) गरिरहे । फलस्वरूप लोकतान्त्रिक गणतान्त्रिक शासन पद्धति स्थापित गर्न भएको आन्दोलनमा महिलाको बलियो उपस्थिति रह्यो । तिनको निरन्तरको खबरदारीपछि नेपालले महिला अधिकारका क्षेत्रमा गुणात्मक फड्को मारेको छ । भर्खरै सम्पन्न स्थानीय निर्वाचनले पाखा लगाइएका, भुइँतहमा थन्क्याइएका महिलाहरूलाई तिनले उठाई आएका स्वास्थ्य, लैंगिक हिंसा, आफ्नो जीउ र जीवनमाथि स्वनियन्त्रणजस्ता मुद्दा देशव्यापी रूपमा देखापर्ने आधार बनाएको छ । तिनै मुद्दालाई केन्द्रमा राख्दै अबका दिनमा महिला आन्दोलन अगाडि बढ्न सके मात्र यी उपलब्धि संस्थागत हुन सक्छन् ।

* * *



**डा. रेणु अधिकारी/राजभण्डारी**

महिला अधिकारका क्षेत्रमा काम गर्ने अग्रणी संस्था महिला पुनर्स्थापना केन्द्र (WOREC) की संस्थापक अध्यक्ष डा. रेणु अधिकारी/राजभण्डारीले हालसालै तरंगिणी फाउण्डेसन स्थापना गरेकी छन् । तरंगिणीले नारीवादबारे स्रोतसामग्रीको अभिलेख राख्ने, प्रशिक्षण दिने तथा महिला मानवअधिकार रक्षकहरूको समग्र सुरक्षाका विषयमा काम गर्छ । मस्को मेडिकल इन्स्टिच्यूटकी स्नातक अधिकारीले नेपालको दुर्गम जिल्लाका अस्पतालहरूमा एक दशकभन्दा बढी सेवा गरेकी छन् । बेचिएकी एक महिलासँग सन् १९९१ मा भएको भेटपश्चात् उनी महिला अधिकार र खास गरी महिला तथा बालबालिका बेचविखनविरुद्धको आन्दोलनमा होमिएकी हुन् । सन् १९९५ मा उनले महिला सामाजिक उद्यमशीलताका लागि अशोका फेलोसिप प्राप्त गरिन् । शक्ति-समूह, महिला मञ्च नेपाल (WOFOWON), रेडियो उदयपुर आदि महिला-प्रवर्द्धित १२ ओटा संस्था/समूहहरूलाई स्थापित तथा संगठित गर्नमा उनको मुख्य भूमिका छ । उनी महिला अधिकार समूहको प्रतिनिधिका रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहेको लैंगिक हिंसा एकाईमा सल्लाहकार रहिसकेकी छन् । यसबाहेक नेपाल मानवअधिकार आयोगमा चेलीबेटी बेचविखनविरुद्ध राष्ट्रिय ऱ्यापोर्टर कार्यालय स्थापना, नेपाल सरकारद्वारा चेलीबेटी बेचविखनविरुद्ध राष्ट्रिय कार्ययोजना तर्जुमा, महिलाको पाठेघर खस्ने समस्याको समाधानार्थ लिइएका विविध कार्यक्रम वा योजना तर्जुमा आदि नीति निर्माणमा उनको महत्त्वपूर्ण योगदान छ ।

**बुधबार । २२ कात्तिक २०७४ (८ नोभेम्बर २०१७) । ४:००–५:३० बजे**
**यलमाया केन्द्र । पाटनढोका, ललितपुर**

अनौपचारिक छलफल समूहका रूपमा मार्टिन चौतारी अक्टोबर १९९१ मा स्थापना भएको हो । नेपालकै प्रमुख प्राज्ञिक र नीति अनुसन्धान केन्द्रको रूपमा चौतारी नयाँ र सान्दर्भिक ज्ञानको उत्पादन र वितरण, सुसूचित सार्वजनिक बहसको अवसरको सृजना र त्यस्ता गुणस्तरीय संवादसम्म आम नेपालीको पहुँच सुनिश्चित गर्न बितेका २५ वर्षदेखि अविच्छिन्न सक्रिय छ । चौतारीका प्रमुख पाँच गतिविधि — बहस/छलफल, अध्ययन/अनुसन्धान, अनुसन्धान प्रशिक्षण, प्रकाशन र पुस्तकालय सञ्चालन — तिनै उद्देश्य प्राप्तितर्फ केन्द्रित छन् ।

चौतारी स्थापना व्याख्यान (चौतारी फाउण्डेशन लेक्चर) विभिन्न क्षेत्रमा क्रियाशील प्रबुद्धतम व्यक्तिहरूद्वारा दिइने वार्षिक प्रवचन हो जसले नेपालको वर्तमान र विगतलाई सिंहावलोकन गर्दै भविष्यबारे सोच्न र बहस गर्न अभिप्रेरित गर्छ ।